



1

पुँजी पर्याप्तता मापन तालिम

**विषयसुची**

- पुँजी पर्याप्तता: परिचय, सिद्धान्त, विकासक्रम र आवश्कयता
- सहकारीमा पुँजी पर्याप्तता सम्बन्धी कानुनी प्रावधान
- स्थिती विवरण पत्र (वासलात) अध्ययन, जोखिम भारित सम्पत्ती अवधारणा
- पुँजीकोषको अवधारणा र आवश्यकता
- सम्पत्तिको गुणस्तर, जोखिम भारित सम्पत्ती गणना
- पुँजीकोष पर्याप्तता मापन

2

पुँजी पर्याप्तता: परिचय, सिद्धान्त, विकासक्रम र आवश्कयता

"जस्तो हामी घर बनाउनुअघि बलियो जग जरुरी हुन्छ, SACCOS चलाउनुअघि पनि बलियो पुँजी जरुरी हुन्छ।"

CAR भन्नाले संस्थाको पुँजी पर्याप्त छ कि छैन भनेर मापन गर्ने तरिका हो।

CAR = (स्व–पुँजी ÷ जोखिमयुक्त सम्पत्ति) × 100

- **स्व–पुँजी (Capital):** SACCOS का आफ्नै स्रोत (share capital, reserve fund)
- **जोखिमयुक्त सम्पत्ति (Risk-weighted Assets):** बैंकमा रहेको बचतहरु, विभिन्न स्थिर सम्पत्ति, सदस्यलाई दिइएको ऋण, लगानी आदि ।

3

**Case 1**
- कुल पुँजी = रु. 10 लाख
- कुल सम्पत्ति = रु. 1 करोड
- जोखिमयुक्त सम्पत्ति = रु. 80 लाख

**Case 2**
- कुल पुँजी = रु. 15 लाख
- कुल सम्पत्ति = रु. 1.5 करोड
- जोखिमयुक्त सम्पत्ति = रु. 1.2 करोड

**Case 3**
- कुल पुँजी = रु. 25 लाख
- कुल सम्पत्ति = रु. 2 करोड
- जोखिमयुक्त सम्पत्ति = रु. 1.8 करोड

4

## BASEL COMMITTE E

- BASEL Committee on Banking Supervision- BCBS बासेल समिति,
- स्थापना G-10 (Group of Ten) देशका केन्द्रीय बैङ्कका गभर्नरद्वारा सन् १९७४ मा भएको,
- वर्षमा ४ पटक बैठक
- करिव २५ वटा प्राविधिक कार्यदल र टास्क फोर्स रहेको र नियमित बैठक र छलफल गर्ने ।

5

## आधारभूत अवधारणा र पृष्ठभूमी

- बासेल कमिटिले सन् १९८८ मा विकास,
- बैङ्कको जोखिम भारित सम्पतिमा न्यूनतम ८% पुँजीको आवश्यकता सहित ऋण जोखिम मापन फ्रेमवर्क कार्यान्वयनको व्यवस्था,
- १९८८ को फ्रेमवर्क – BASEL-I
- १०० देश भन्दा बढीमा सफलतापूर्वक कार्यान्वयन

6

## BASEL-I को सिमितता

- बजार जोखिम र सञ्चालन जोखिमलाई ध्यान नदिएको,
- सम्पत्तिलाई अस्वभाविक रुपमा हेरफेर गरि सम्पत्तिको जोखिम कम देखाउने,
- जोखिम भार सामान्य राखिएको ।

7

## आधारभूत अवधारणा र पृष्ठभूमी

BASEL-II

- अन्तर्राष्ट्रिय पूँजी मापन र पूँजी मापदण्ड–२००४
- बैङ्कर, नियामक निकायहरुसँगको छलफल पश्चात् Revised Framework 26 June 2004 मा सार्वजनिक,
- बैङ्कको पूँजीको विश्वसनियता र अखण्डता कायम गर्दै बचतकर्ताको हित संरक्षण गर्ने उद्देश्य ।

8

## BASEL-II मुख्य विशेषता

**न्यूनतम पूँजी आवश्यकता**

यसले कर्जा जोखिमका साथै बजार जोखिम र सञ्चालन जोखिम लाई पनि समेट्यो

**सुपरिवेक्षण पक्रिया**

यसले केन्द्रीय बैंक वा नियामक निकायलाई बैंकको जोखिम व्यवस्थापनको समग्र समीक्षा गर्ने अधिकार दियो

**बजार अनुशासन**

यसले बैंकहरूलाई आफ्नो वित्तीय अवस्था र जोखिम व्यवस्थापनसम्बन्धी जानकारी पारदर्शी रूपमा सार्वजनिक गर्न प्रोत्साहन गर्यो

9

## आधारभूत अवधारणा र पृष्ठभूमी

### BASEL-III

- २००८ को वित्तीय संकट पछि लागु,
- नेपाल राष्ट्र बैङ्कले २०७२ देखि लागु,
- पूँजीकोष अनुपातलाई अझ बलियो र कठोर बनायो,
- सामान्य इक्विटी टियर १ (CET1) लाई प्राथमिकता,
- लिभरेज अनुपातको सुरुवात: बैङ्कहरुको ऋण लिने प्रवृत्ति रोक्ने ।

$$\text{Debt-to-Equity} = \frac{\text{Total Debt (कुल ऋण)}}{\text{Shareholders' Equity (स्वामित्व पूँजी)}}$$

10

## पूँजीकोष

- पूँजीकोष बैङ्क तथा वित्तीय संस्थाको वित्तीय अवस्था बलियो बनाउन र घाटा बहन गर्नका लागि आवश्यक पूँजी हो जसले वित्तीय स्थायित्व कायम राख्न, जोखिम व्यवस्थापन गर्न र प्रतिस्पर्धामा सक्षम बनाउन मद्दत गर्दछ ।
- यस्तो पूँजीकोषको अनुपात नियामकले तोकेको हुन्छ ।

11

## पूँजीकोष पर्याप्तता

- पूँजीकोष पर्याप्तता को अवधारणा बैङ्क तथा वित्तीय संस्थाहरुको वित्तीय स्वास्थ्य र स्थायित्व सुनिश्चित गर्नका लागि एक महत्वूर्ण नियमनकारी मापदण्ड हो । यो अवधारणाले बैङ्क तथा वित्तीय संस्थाहरुले आफ्नो सम्पतिमा रहेको जोखिमको अनुपातमा पर्याप्त पूँजी कायम गर्नुपर्छ भन्ने कुरालाई जोड दिन्छ ।

12

## उद्देश्य

- गुणस्तरीय पूँजी र पर्याप्त जोखिम व्यवस्थापन अभ्यास मार्फत सुरक्षित र स्वस्थ वित्तीय प्रणालीको विकास गर्नु,
- बचतकर्ता र ऋणीको सुरक्षा गर्नु,
- वित्तीय स्थितरता सुनिश्चित गर्नु,
- प्रभावकारी जोखिम व्यवस्थापन प्रवर्द्धन गर्नु,
- स्वस्थ बैङ्किङ प्रणालीलाई प्रवर्द्धन गर्नु,
- लगानीकर्तालाई आकर्षित गर्नु,

13

## उत्तरदायी

- पर्याप्त पूँजी तह कायम राख्न उत्तरदायि सञ्चालक समिति,
- सुदृढ, व्यवस्थित र वित्तीय वा सञ्चालन कमजोरी नभएको वित्तीय संस्थाको लागि मानक न्यूनतम स्वीकार्य

14

## कार्यान्वयनको क्षेत्र बैङ्क तथा बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी

- बैङ्क तथा वित्तीय संस्था ऐन २०६३
- सहकारी ऐनको दफा १०३ (ज) ले दिएको अधिकार बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी नियामकीय मापदण्ड २०८२

15

## लागु हुने मिति

- बचत तथा ऋणको मुख्य कारोवार गरेको सहकारी संस्थाको हकमा मिति २०८२ जेठ ०९ गते

16

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी भएको नियामकीय मापदण्ड २०८२
- परिच्छेद ६: पूँजीकोष सम्बन्धी व्यवस्था

17

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- कारोवारका आधारमा संस्थाको वर्गीकरण:

**२५ करोड भन्दा कम बचत वा ऋण बक्यौता रहेको संस्था**

**२५ करोड भन्दा बढी बचत वा ऋण बक्यौता रहेको संस्था**

18

## पूँजीकोष

१ प्राथमिक पूँजी

२ पूरक पूँजी

19

## साकोसमा वासलात

| पूँजी तथा दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| शेयर पूँजी | ×× | नगद | ×× |
| कोष हिसाब | ×× | बैंक मौज्दात | ×× |
| बचत निक्षेप | ×× | लगानी हिसाव | ×× |
| बाह्य ऋण | ×× | सदस्यहरुलाई ऋण लगानी | ×× |
| अनुदान | ×× | पाउनुपर्ने हिसाव | ×× |
| चालु दायित्व | ×× | स्थिर सम्पत्ति | ×× |
| दिर्घकालिन दायित्व | ×× | अन्य सम्पति | ×× |
| जम्मा | ××× | जम्मा | ××× |

20

## जोखिम भारित सम्पत्ति

- वित्तीय कारोवार गर्ने संस्थाहरुमा रहेको सम्पति र तिनीहरुको स्तर बमोजिम जोखिम भार मापनको आधारमा रुपान्तरण गर्ने विधि,
- पूँजी पर्याप्तता मापनको आधार,
- सबै सम्पत्ति समान जोखिमयुक्त हुदैनन्।

21

## जोखिम भारित सम्पत्ति जोखिम भार

| सम्पत्ति शिर्षक | विवरण | भार |
|---|---|---|
| नगद | | ०% |
| बैंक मौज्दात | नेपाल राष्ट्रबैङ्कबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २०% |
| | इजाजत प्राप्त सहकारी बैङ्कमा रहेको मौज्दात | २०% |
| | सहकारी संघमा राखिएको मौज्दात | १००% |

22

## जोखिम भारित सम्पत्ति जोखिम भार

| सम्पत्ति शिर्षक | विवरण | भार |
|---|---|---|
| लगानी हिसाव | सरकारी ऋणपत्रमा गरिएको लगानी | ०% |
| | ऐनले तोके बमोजिमको अन्य लगानी | १००% |
| सदस्यहरुलाई ऋण लगानी | सदस्यको खातामा रहेको बचत धितो राखि प्रवाह गरेको ऋण | ०% |
| | धितोमा आधारित ऋण | १००% |
| | बिना धितो प्रवाह भएको ऋण | १००% |
| | तेश्रो पक्ष धितोमा प्रवाह भएको ऋण | १५०% |

23

## जोखिम भारित सम्पत्ति जोखिम भार

| सम्पत्ति शिर्षक | विवरण | भार |
|---|---|---|
| स्थिर सम्पत्ति | स्थिर सम्पत्ति | १००% |
| अन्य सम्पत्ति | पाउनुपर्ने हिसाव | १००% |
| | अन्य सम्पत्ति | १००% |
| जम्मा | | |

जोखिम भारित सम्पत्तिको गणना गर्दा संस्थाको वासलातको सम्पत्तितर्फको रकमबाट सो सम्पत्तिको नोक्सानी बापत गरिएको विशेष ऋण नोक्सानी/नोक्सानी व्यवस्थाको रकमलाई घटाई आउने रकमलाई दिइएको अंकभारले गुणा गरि योग निकाल्नुपर्दछ ।

24

## जोखिम भारित सम्पति विवरण तालिका

जोखिम भारित सम्पति विवरण तालिका
(२०.../.....मसान्त)

| विवरण | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पति | रकम | जोखिम भारित सम्पति |
| नगद मौज्दात | ० | ×× | ×× | ×× | ×× |
| सरकारी ऋणपत्रमा गरेको लगानी | ० | ×× | ×× | ×× | ×× |
| सदस्यहरुको बचत धितो राखी प्रवाह गरेको ऋण | ० | ×× | ×× | ×× | ×× |
| नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० | ×× | ×× | ×× | ×× |
| इजाजतप्राप्त सहकारी बैङ्कमा रहेको मौज्दात | २० | ×× | ×× | ×× | ×× |
| संघमा राखिएको मौज्दात | १०० | ×× | ×× | ×× | ×× |
| धितोमा आधारित ऋण (तेस्रो पक्ष धितो ऋण बाहेक) | १०० | ×× | ×× | ×× | ×× |
| विना धितोमा प्रवाह भएको ऋण | १०० | ×× | ×× | ×× | ×× |
| स्थिर सम्पति | १०० | ×× | ×× | ×× | ×× |
| अन्य सम्पति | १०० | ×× | ×× | ×× | ×× |
| ऐनले तोके बमोजिमको अन्य लगानीहरु | १०० | ×× | ×× | ×× | ×× |
| तेस्रो पक्ष धितोमा प्रवाह भएको ऋण | १५० | ×× | ×× | ×× | ×× |
| **कूल जोखिम भारित सम्पति** | | ×× | ×× | ×× | ×× |

25

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- जोखिम भारित सम्पतिको न्यूनतम ४% प्राथमिक पूँजी अनुपात कायम गर्नुपर्ने

प्राथमिक पूँजी: शेयरपूँजी, जगेडा कोष, घाटापूर्ति कोष र नाफा / नोक्सानी

प्राथमिक पूँजीकोष अनुपात:

$$\frac{\text{प्राथमिक पूँजी}}{\text{कूल जोखिम भारित सम्पति}} \times १००$$

26

## न्यूनतम पूँजीकोष अनुपात परिपालना

- संस्था विगत ३ वर्ष देखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पूँजीकोष कायम रहेको अवस्थामा प्राथमिक पूँजीको बढीमा २५% वा जगेडा कोषको ५०% सम्म ( जुन कम हुन आउछ सोही बराबर) हुन आउने रकम बराबरको जग्गा,भवन कार्यालय प्रयोजको लागि खरिद गर्न सक्नेछ ।
    - यसको विपरित खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पूँजी गणना गर्दा घटाउनुपर्नेछ ।

27

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- ठूलो कारोवार गर्ने संस्थाले न्यूनतम ४% प्राथमिक पूँजी र पुरक पूँजी सहित जोखिम भारित सम्पतिको ८% पूँजीकोष अनुपात कायम गर्नुपर्ने

**पूँजीकोष अनुपात:**

$$\frac{\text{प्राथमिक पूँजीकोष+पूरक जोखिम कोष}}{\text{कूल जोखिम भारित सम्पति}} \times १००$$

28

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- पूरक पूँजीकोष मापन:
- सक्रिय ऋणको लागि गरिएको नोक्सानी व्यवस्था
- सक्रिय ऋण बाहेक अन्य ऋणको हकमा तोकिएको भन्दा बढी ऋण नोक्सानी व्यवस्था गरिएको भएमा त्यस्तो ऋण नोक्सानी व्यवस्था
  - **उपर्युक्त शीर्षकहरुमा रहेको कूल रकम संस्थाको कूल जोखिम भारित सम्पतिको १.५% भन्दा बढी हुने गरि पुरक पूँजीमा समावेश गर्न पाइने छैन।**

29

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- पूरक पूँजीकोष मापन:
- सम्पत्ति पुर्नमूल्याङ्कन कोषमा रहेको रकम
  - **उल्लेखित कोषमा रहेको रकम वा कूल पूरक पूँजीकोषको २% मध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश हुने।**
- प्रयोजन किटान नगरिएको अन्य कोषहरुमा रहेको रकम

30

## सहकारीमा पूँजीकोष पर्याप्तता सम्बन्धी कानुनी व्यवस्था

- पूरक पूँजीकोष मापनः
  - **कूल पूँजीकोष गणना गर्ने प्रयोजनको लागि प्राथमिक पूँजीको अधिकतम शतप्रतिशत मात्र पूरक पूँजी हुनुपर्ने ।**

31

## न्यूनतम पूँजीकोष अनुपात परिपालना

- संस्थाले मापदण्ड लागु भएको ३ महिना भित्र पूँजीकोषको विवरण नियमनकारी निकायमा पेश गर्नुपर्नेछ ।
  - **संस्थाको प्राथमिक पूँजीको अनुपात र पूँजीकोषको अनुपात नपुग भएमा २०८३ आषाढ मसान्त सम्म कायम गरिसक्ने गरि कार्ययोजना समेत पेश गर्नुपर्ने ।**

32

## न्यूनतम पूँजीकोष अनुपात परिपालना

- पूँजीकोषको मापन लेखा सुपरिवेक्षण समितिले प्रमाणीत गरेको पछिल्लो त्रयमासको वासलात र नाफा नोक्सान हिसावको आधारमा गर्नुपर्ने,
- संस्थाले प्रत्येक त्रयमास समाप्त भएको १ महिना भित्र पूँजीकोषको विवरण तयार गरि नियामक निकायमा पठाउनुपर्ने ।

33

## न्यूनतम पूँजीकोष अनुपात परिपालना

- संस्थामा न्यूनतम पूँजीकोष कायम नभएसम्म लाभांश घोषणा तथा वितरण गर्न नपाइने र नपुग पूँजीकोष देहायबमोजिम पुरा गर्ने:
  - सदस्यहरूबाट थप शेयर संकलन,
  - खुद मुनाफामध्येबाट जगेडा कोषमा सारेर ।

34

## पूँजीकोष तालिका

पूँजीकोष र पूँजीकोष पर्याप्तता अनुपात तालिका
(२०.../.....मसान्त)
पूँजीकोष तालिका

| विवरण | चालु अवधि | गत अवधि |
|---|---|---|
| (क) प्राथमिक पूँजी<br>१) शेयर पूँजी<br>२) जगेडा कोष<br>३) घाटापूर्ति कोष<br>४) सञ्चित नाफा/नोक्सानी | ×× | ×× |
| (ख) पूरक पूँजी<br>१) सक्रिय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था<br>२) अतिरिक्त ऋण नोक्सानी व्यवस्था<br>३) सम्पत्ति पुर्नमूल्याङ्कन कोष<br>४) स्वतन्त्र जगेडा कोष | ×× | ×× |
| (ग) जम्मा पूँजीकोष (क+ख) | ×× | ×× |
| (घ) जोखिम भारित सम्पतिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष<br>पूँजीकोष (..... प्रतिशत)<br>प्राथमिक पूँजी (.... प्रतिशत) | ×× | ×× |
| पूँजीकोष (अधिक/न्यून) (.... प्रतिशतले)<br>प्राथमिक पूँजी (अधिक/न्यून) (.... प्रतिशतले) | ×× | ×× |

35

## पूँजीकोष पर्याप्तताको लागि योजना र रणनीति

- आन्तरिक पूँजी सुदृढीकरण:
  - **मुनाफाको पुन:निवेश** : नाफाबाट पर्याप्त हिस्सा पूँजीमा पुन:निवेश गर्ने
  - **सदस्यहरुको योगदान बढाउने**: नयाँ सदस्यता र विद्यमान सदस्यहरुबाट अतिरिक्त शेयर सङ्कलन गर्ने
- जोखिम व्यवस्थापन रणनीति:
  - **जोखिम मूल्याङ्कन प्रणाली**: सम्पतिको जोखिम प्रोफाइल नियमित रुपमा मूल्याङ्कन गर्ने,
  - **ऋण पोर्टफोलियोको विविधीकरण**: एकै क्षेत्रमा ऋण लगानी नगर्ने,
  - **सुदृढ आन्तरिक नियन्त्रण प्रणाली**: आन्तरिक लेखापरिक्षण र अनुगमन प्रणाली मजबुत बनाउने

36

## पूँजीकोष पर्याप्तताको लागि योजना र रणनीति

- पूँजी संरचना विस्तार:
  - **दिर्घकालिन पूँजी स्रोत:** दिर्घकालिन अनुदानको प्रयास गर्ने,
  - **एकीकरण:** सानो संस्था एकीकरण गरि सुदृढ पूँजी बनाउने
- आम्दानी बढाउने रणनीति:
  - **नविन वित्तीय उत्पादन र सेवा विकास:** उच्च आम्दानी गर्ने सदस्यमूखी सेवा विस्तार गर्ने,
  - **सञ्चालन खर्च न्यूनीकरण गर्ने:** अनावश्यक खर्च कटौती गर्दै सञ्चालन लागत घटाउने
- सदस्य र सरोकारवालाको सचेतना:
  - पूँजीको महत्व र फाईदा सदस्यलाई बुझाउने,
  - पूँजी अभिबृद्धिमा सदस्यहरुको सक्रिय सहभागीता सुनिश्चित गर्ने

NEFSCUN

37




NEFSCUN

38